निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. / Ref:

मिति : २०७८/०३/२१

## प्रेस विज्ञप्ति

### प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७८ को निर्वाचन कार्यतालिका सम्बन्धमा ।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७८ को निर्वाचन कार्यतालिका आज मिति २०७८।३।२१ गते स्वीकृत गरेको छ । कार्यतालिकामा मिति २०७८/०७/२६ गते शुक्रबार पहिलो चरण र मिति २०७८/०८/०३ गते शुक्रबार दोस्रो चरणमा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गर्नका लागि निर्वाचन अवधिमा सम्पादन गरिने मुख्य मुख्य क्रियाकलाप समेटिएको छ ।

कार्यतालिका अनुसार मिति २०७८/०३/३१ गतेदेखि मिति २०७८/०४/१५ गतेसम्म निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ताको कार्यक्रम रहेको छ । पहिलो चरणमा सम्पन्न हुने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम मिति २०७८/०६/२१ गतेदेखि मिति २०७८/०६/२६ गतेसम्म संचालन हुनेछ भने दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनका लागि निर्वाचन कार्यक्रम मिति २०७८/०६/३१ गतेदेखि मिति २०७८/०७/०५ गतेसम्म सञ्चालन हुनेछ । मतदाताहरुको अन्तिम मतदाता नामावली मिति २०७८/०५/२३ गते प्रकाशन हुनेछ । समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन कार्यक्रम मिति २०७८/०५/०२ गतेदेखि मिति २०७८/०७/०२ गतेसम्म सञ्चालन हुने कार्यक्रम रहेको छ ।

078/3/29

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np